# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
# Communist Party of Nepal (Maoist Centre)

केन्द्रीय कार्यालय
Central Office

पत्र संख्या :
चलानी नं. :

## प्रेस वक्तव्य

केही समसामयिक विषयहरुमा पार्टीको स्थिति सार्वजनिक गर्न यो प्रेस वक्तव्य जारी गरिएको छ ।

१. सरकारका काम कारवाही बारे :-

नेपाल सरकार आफ्नो गतिमा नेपाल र नेपाली जनतालाई सकारात्मक सन्देश दिन खोजेको छ । नक्कली भुटानी शरणार्थीमाथि कारवाही, मिटरव्याज पीडितलाई न्याय दिन कानुन निर्माण, विदेशमा रहेका नेपालीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध, बिदाको दिनमा कार्यालय सुचारु राख्ने काम, इतिहासमै पहिलो पटक समयमै पाठ्यपुस्तक विद्यालयमा पुऱ्याइएको, रोकिएको घरजग्गा कारोवार फुकुवा, अर्थतन्त्रमा सुधार, खेलाडीहरुलाई पुरस्कार, दुधको मुल्यमा समायोजन, राष्ट्रिय परिचयपत्र ७७ वटै जिल्लाबाट वितरण, खाद्यबस्तुमा विषादीको परीक्षण, मौद्रिक र वित्तीय नीतिमा खुकुलोपन आदि सरकारका सकारात्मक कदमहरु हुन् ।

२. नीति तथा कार्यक्रम :-

कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धिगरी आत्मनिर्भर हुने, रोजगारी प्रवर्दन कम्तिमा पाँच लाख रोजगारी सृजना गर्ने, सबैको घरधुरीमा विजुली पुऱ्याउने, शान्ति प्रकृयाका बाँकी काम पुरा गर्ने, नेपालमा निर्मित सामाग्रीको प्रवर्दन गर्ने, सुशासन, भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गर्ने, वित्तीय अनुशासनमा मितव्ययीता अपनाउने, शिक्षालाई विद्यालयको सुधार गरी व्यवस्थित गर्ने, पर्यटन दशक मनाउने, सबै अस्पतालहरुमा विशेषज्ञ डाक्टरहरु सुनिश्चित गर्ने आदि जस्ता अरु थुप्रै प्रतिवद्धताहरुले सरकार अघी बढिरहेको छ ।

३. नक्कली भुटानी शरणार्थी बारे :-

नक्कली भुटानी शरणार्थी कारवाही प्रकृयाले राष्ट्रिय अपराधीहरुलाई कारवाही गरी राष्ट्रको शान जोगाउन खोजिएको छ । यसले समग्र जनतामा उत्साह र मनोवल उठेको छ । सबै पार्टीका समर्थक, सुभचिन्तक र आम जनसमुदायमा सकारात्मक तरंग पैदा गरेको छ । यसले गलत ढंगबाट पैसा आर्जन गर्ने प्रवृत्तिलाई निरुत्साहित गरेको छ र श्रम र उत्पादनप्रति सम्मान बढेको छ । सरकारले दोषीहरुलाई कारवाही गर्न कुनै कसुर बाँकी नराखोस् र कुनैपनि किसिमको सम्झौता नगरोस् भन्ने पार्टीको विशेष आग्रह छ ।

४. शिविर व्यवस्थापन बारे :-

झण्डै ६ वर्ष माओवादी सेनाको व्यवस्थापन तथा समायोजनमा राज्यले जिम्मा लिएको थियो । यसका दुईटा पक्ष छन् । पहिलो ५ महिना शान्ति प्रकृयालाई सार्थक पार्न माओवादी सेनाको रेखदेख र व्यवस्थापनको निमित्त करिब ४६ करोड पेश्की लिई व्यवस्थापन गरिएकोमा शान्ति प्रकृयाको यथार्थ र विशिष्ठ परिस्थितिलाई मध्यनजर गरी सो रकम अनुदानमा परिणत गर्न संसदको सार्वजनिक लेखा समिति, शान्ति तथा पुनःनिर्माण मन्त्रालयको सिफारिसमा नेपाल सरकारको २०६९ बैशाख १४ को निर्णय समेतलाई आधार बनाई महालेखा परीक्षकले २०६९ जेठ १९ गते सो रकम खर्चको समर्थन, फरछ्यौट र मिनाहा गरी समपरीक्षणको जानकारी पत्र शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय सिंहदरवारमा पठाएको र महालेखा परीक्षक कार्यालयको बार्षिक प्रतिवेदन २०६९ पेज नं. २५९ अनुसार उक्त वेरुजुको समपरीक्षण सार्वजनिक भएको थियो । दोस्रो, ७ मुख्य शिविर र २१ सहायक शिविरमा शिविर व्यवस्थापन रकम शिविर व्यवस्थापन कार्यालय मार्फत माओवादी सेनाको भत्ता र अन्य व्यवस्थापनको रकम भुक्तानी भएको व्यहोरा जानकारी गराउदछौं ।

७ जेठ, २०८० ।

कृष्ण बहादुर महरा
उपाध्यक्ष एवं प्रवक्ता

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६१२२८७, ४६१२२८८, ४६१२२९० फ्याक्स : ९७७-१-४६१२२८९
Email: cpnmcentre@gmail.com, Website: www.cpnmc.org